कथा

# मन्त्री र किताब

-चंकी श्रेष्ठ

मन्त्री महोदय गुप्तवास पस्यो । ऊ निकै दिक्दार थियो । मुटुभित्र कतै चस्स घोचेझैँ हुन्थ्यो । बारम्बार उसिससनिसिस हुन्थ्यो ।

स्वाभाविक पनि थियो- मन्त्री निकै तनावमा थियो । उसको क्रान्तिकारी विगतबारे आत्मसंस्मरणात्मक किताब हिजोमात्र सार्वजनिक भएको थियो । त्यसैका लागि केही क्षणअघिमात्र 'माथि'बाट झपार खाएको थियो । कुनै स्पष्टिकरण सुनिएन । आफ्नो कुरा राख्न नपाउँदा ऊ निकै मर्माहत भएको थियो । त्यसमाथि सबैजसो अखबारले व्यंग्यात्मक समाचार दिएका थिए ।

अनिश्चयको भूमरीमा पर्नुजति पीडा मान्छेलाई अरू हुँदैन । अब के हुने हो ? मन्त्री यही भूमरीमा फसेको थियो । केही पूर्व मन्त्रीलाई सम्झियो जो अब घरका न घाटका थिए । त्यही सूचीमा आफ्नो नाम थपिने भयले काम्न थाल्यो ।

च्याङबा होइ च्याङबा धुन फलाक्दै मोबाइलको घन्टी बज्यो । उसको प्रिय धुन । धुन सुन्नेबित्तिकै उसलाई ती रहरलाग्दा युवतीको झल्को आउँथ्यो जो गीतमा कामोत्तेजक नृत्य गर्थे । अहिले उसलाई यही पनि झर्को लागेर आयो । स्वीच अन गरेर मन्त्री गोलीझैँ पड्कियो, 'ठोक्दे भन् ।' मन्त्रीको छाँटले निजी सचिव आजित भइसकेको थियो । जति पटक खबर गर्दा पनि जवाफ उही हुन्थ्यो ।

माथिबाट झपार खानु मन्त्रीका लागि त्यति ठूलो कुरा होइन । 'जसको नुन खायो, त्यसैबाट कान निमोठिनु' के ठूलो कुरा भो र ! सहिनसक्नु त तब भएको थियो जब नाथे संवाद-सचिवले समेत सातो लिनेगरी हकारेको थियो । मन्त्रीले अहिले त्यसलाई आमाचकारी गाली गर्‍यो । त्यसको शाखा सन्तानलाई नै सत्तोसराप गर्‍यो ।

मन्त्री महोदय विगतमा नामी कम्युनिष्ट थियो । भारतको नक्सलवादी आन्दोलनबाट प्रभावित । चारु मजुमदार र नागभूषण पटनायक उसका आदर्श नेता थिए । चिनियाँ सांस्कृतिक क्रान्ति उसबेला उसको नजरमा महान् थियो । खालि त्यसका सञ्चालकहरू दण्डनीय थिए । तिनले माओत्से तुङलाई नै बदनाम गरिदिएका थिए । कवि हुँ भन्ने भाव त छँदै थियो, जसका कारण भावुक बन्ने छुट पनि थियो । अतः ऊ खुश्चेभ, ब्रेजनेभ, गोर्बाच्योभ, देङ स्यायो पेङ, ल्यू शाओचीजस्ता खुंखार सुधारवादीदेखि लेनिन, माओ, हो चि मिन्ह, चे, क्यास्ट्रो, टिटो, किमजस्ता नामी कम्युनिष्टलाई एकसाथ आदर्श मानिरहेको थियो । रुसबाट चीन र भारत हुँदै नेपाल छिरेको सामन्त सिध्द्याऊ अभियानमा उसको योगदान महत्वपूर्ण मानिएको थियो । सामन्त र सामन्ती संस्कृति त निर्मूल भएनन्, बरु ऊ स्वयं आफूभित्र जब्बर सामन्त हुर्काउन थाल्यो । प्रष्ट थियो, उसको पृष्ठभूमि सामन्त नै थियो र त्यसलाई त्याग्न जीवनसंस्कृतिले दिएन । हुँदाहुँदा आफूलाई प्रतिगामी मार्गमा कायाकल्पै गर्‍यो । सानालाई पाउको धुलो चटाउनु र ठूलासामु नाक गाडिनेगरी झुक्न आफूलाई योग्य बनायो ।

प्रजातन्त्र पुनर्स्थापनापछि बारम्बार ऊ मन्त्री भयो र मन्त्री भएपिच्छे उसको प्रतिगामी यात्रा तीव्र हुँदै गयो । 'अतिदक्षिणपन्थी' बनेको आरोपमा अन्ततः पार्टीले कारबाही गर्‍यो । साधारण सदस्यतासमेत खोसियो । कानालाई आँखा मिल्यो । त्यसपछि लगत्तै उसलाई यो शक्तिशाली पद मिलेको थियो ।

फेरि मोबाइल आतंक । नम्बर हेऱ्यो । उही सचिव थियो । उसलाई झडंग रीस उठ्यो र 'कट' गरिदियो । फोन उसका लागि आतंककारी समाचार बनेर आएको महसुस हुन्थ्यो ।

टेबलमाथि भर्खरै प्रकाशित किताबको ताजा बास्ना फैलिरहेको थियो । हरियो जंगलबीच हँसिया-हथौडा अंकित रातो झण्डा र त्यसको कोलाजमा सुनौला अक्षर । किताबको मुख वास्तवमै सुन्दर थियो । भित्री कागज र साजसज्जा उस्तै भव्य ।

'मन्त्रीज्यूको गद्य देवकोटाको पद्यभन्दा कम छँदै छैन । हाम्रा समालोचकहरू किन यता ध्यान दिँदैनन् हँ ?'

'हजूर यो किताब क्लिन्टनको आत्मकथाभन्दा कम भएछ भने मलाई भन्नु ।'

'सम्राट उपाध्यायले सेक्सको सहाराले विश्वबजार हल्लाए । मन्त्रीज्यूलाई त्यसको जरुरतै छैन । किताब अंग्रेजीमा आउनुमात्र पऱ्यो ।'

'अंग्रेजी अनुवाद गराउने जिम्मा मेरो भो ।'

'हजूर यो किताब युधीर थापाको उपन्यासलाई मात खुवाउने भएन भने म कान काटिदिन्छु ।'

किताब निस्कनुअघि आसेपासेहरू यस्तै कुरामा मस्त देखिन्थे । मन्त्रीलाई त के, तिनीहरू स्वयंलाई थाहा थिएन, के भनिरहेका थिए । तथापि ऊ मख्ख थियो ।

मन्त्रीले चिताएमात्र पुग्थ्यो । प्रष्ट थियो- उसको लेखनशक्ति चिताउनुबराबर मात्र थियो । त्यसलाई पुनर्लेखन र सम्पादन गरेर चिटिक्क  बनाइदिनेहरूको 'क्याराभान' हाजिर हुन्थ्यो । मन्त्री कति उदार थियो भने आफू कतै नरहने हदसम्म सम्पादकलाई स्वतन्त्रता दिन्थ्यो । कहिलेकाहीँ भने आफ्ना केही शब्द परिवर्तन गर्न राजी हुँदैनथ्यो । त्यसपछि त्यो शब्दको महिमागानमा सम्पादकहरूले अर्को 'पादुकादान' रचिदिने खतरा हुन्थ्यो ।

खाओवादी स्वभावको एक पत्रकार थियो जो समय लिई लिई किताब निकाल्न दबाब दिन्थ्यो । मन्त्रीको लेखक सुषुप्त थियो । पत्रकारले त्यसलाई जगाइदियो र  किताबको रोडम्याप तयार गरिदियो । प्रकाशोन्मुख किताबबारे एउटा लेखै लेखिदियो । मन्त्रीको कवितात्मक गद्य, क्रान्तिकारी विगत र भूमिगत जीवनको अनुभवले लेखन निकै खँदिलो बनेको विश्लेषण गऱ्यो ।

पत्रकार तेस्रो दर्जाको कुनै अखबारमा लेख-रचना सम्पादक थियो । यो त्यही पत्रकार थियो जसले मन्त्रीको पूर्व मन्त्रित्वकालमा सरकारी अड्डामा नियुक्ति, सरुवा, बढुवा, बर्खास्तगीको रोडम्याप बनाएको थियो । अखबारमा उसको सम्पादन यति चुस्त हुन्थ्यो कि विचरा लेख-रचना तत्काल आत्महत्या गर्न हतारिन्थे । पत्रकार कतिसम्म व्यावसायिक थियो भने सत्ता र आफ्नो संस्थाबीच दलाली गर्नु उसको एकमात्र धर्म हुन्थ्यो । मन्त्रीको कवितामा बिम्ब, गजलमा रदिफ, काफिया र लेखमा प्रसंग मिले नमिलेको हेर्ने काम पनि उसैको हुन्थ्यो । खासमा मन्त्रीलाई महाकवि देवकोटा वा शंकर लामिछाने बनाउन पत्रकार न्वारनदेखिको बल खर्चिरहेको थियो ।

देश यस्तो एउटा युटोपियामा प्रवेश गरेको थियो जहाँको व्यवस्थालाई शासकहरू हावापानी सुहाउँदो प्रजातन्त्र भन्न रुचाउँथे । अल्बर्ट आइन्सटाइनको सापेक्षतावादको सर्वोत्तम प्रयोग सायद यिनीहरू नै गरिरहेका थिए । त्यो यस्तो प्रजातन्त्र थियो जहाँ व्यवस्था, प्रक्रिया र संस्कृतिबाहेक सबै कुरा प्रजातन्त्रको लेपले झल्झलाकार थिए । मन्त्रीहरू एक नम्बरका भ्रष्टाचारविरोधी थिए । भ्रष्टाचार र गुण्डागर्दीको दायित्व विगतमै तिनीहरूले आफ्ना ठाउँबाट तामेली गरिसकेका थिए । आवश्यक परे फेरि तिनलाई काज फिर्ता गराउने व्यवस्थासमेत थियो । अहिले त ती कतिसम्म स्वच्छ थिए भने आफ्नै कोटामा परेको गुण्डागर्दी वा भ्रष्टाचारसमेत

आफैँ नगरी अरूबाटै सम्पन्न गराउँथे । अल्फ्रेड नोबेलले स्वामीभक्ति र अन्धराष्ट्रवादमा पनि पुरस्कार इच्छाएका हुँदा हुन् त नोबेल पुरस्कारको पहिलो हकदार यिनीहरू नै हुने थिए ।

देशमा सुशासनको नारा थियो, केवल सुसंस्कार थिएन । सुरक्षाको भाषण थियो, केवल शान्ति थिएन । शान्ति कायम गर्ने वाचा थियो, केवल चाहना थिएन । न्यायालयको सर्वोच्चताको व्यवस्था थियो, केवल न्याय थिएन । दलहरू ध्वाँसो दलेर धुम्रकेतुको मार्ग हुँदै हिँडिरहेका थिए । मन्त्री, प्रशासक र कतिपय पत्रकार विरुदावलि साहित्यमा पिएचडी गरिरहेका थिए । केवल जनता त्यहाँ अप्रकट थियो ।

मन्त्री महोदय पार्टी सदस्य छँदै विरुदावलि साहित्यमा पिएचडी प्राप्त थियो । त्यसैको प्रमाणपत्र सिउरेर अहिले मन्त्री पद पड्काएको थियो ।

टेबुलमाथि किताबको चाङ कुरूप नायिकाजस्तै उभिएको थियो । मन्त्रीलाई भाउन्न भयो । गोपाल फिस्टे शैलीमा जमाएर एक लात हान्यो । किताबहरू असरल्ल परेर भुइँमा पछारिए । एउटा किताब भ्यारभ्रुर पाऱ्यो । किताबको पछिल्तिर लेखक र सम्पादक दुवैका तस्बिर र परिचय थिए । पत्रकारको तस्बिरमा उसले थुःथुः गऱ्यो, लात हान्यो र सुरुवालको मुजामा दलेर हुऱ्याइदियो । त्यसपछि घोप्टो परेर घ्वाँघ्वाँ रुनथाल्यो । अन्ततः थाकेर सोफामा अडेस लाग्यो । टेलिभिजन खोल्यो । अर्धनग्न तरुनी समुद्री किनारमा हिरोसँग लठारिएर नाचिरहेकी थिई । मन्त्री उत्तेजित भयो । उत्तेजना नसिद्धिँदै गीत सकियो, विज्ञापन आउन थाल्यो । क्या बोर ! ऱ्याकमा कतै लुकाएर राखिएको सिडी निकाल्यो । मन्त्री अब निलो चलचित्रका नायक-नायिकासँग एकाकार हुनथाल्यो । तनावबाट उम्किने एकमात्र उपाय यही थियो । यो केटी को हो ? म्याडोना हो कि क्या...! चलिरहेको चलचित्रमा सक्रिय नायिकालाई हेर्दै ऊ फुस्फुसायो । ठम्याउन त सकेन तर त्यसलाई 'लाइक अ भर्जिन' गाउने म्याडोना नै मानेर मन सन्तोक गऱ्यो ।

सिनेमामा नवयुवायुवती सक्रिय थिए । मन्त्रीलाई निकै इम्प्रेसन दिएको थियो । यस्तैमा भ्यार्र आउन थाल्यो । धत् ! नुहाउँदा नुहाउँदै धारा बन्द भइदिएजस्तो । रिल कोरिएको थियो । मन्त्रीलाई त्यो दृश्यको निकै लोभ लागेको थियो । 'रि' गऱ्यो । फेरि एकैछिनमा भ्यार्र... । रीसले आँखै देखेन । धत्... जोडले रिमोट कन्ट्रोलर नै स्क्रिनतिर मिल्काइदियो । धन्न स्क्रिन फुटेन ।

मोबाइलको घन्टी बज्यो । उही पत्रकार थियो । किताबको सम्पादक ।

'मन्त्रीज्यू, बधाई छ, हजूरको 'बुक'ले तहल्का मच्चाएको छ ।'

'.................. ।'

'बेस्ट सेलर बन्ने सम्भावना छ । '

'................। '

'सहरका प्रमुख पुस्तक पसलबाट हातहातै हजार कपी गइसक्यो । '

'....................।'

'तुरुन्तै रिप्रिन्ट गर्नुपर्लाजस्तो छ । '

'.................... ।'

'नारायण वाग्लेको उपन्यासलाई सजिलै जित्ने भो । '

'.................... ।'

मन्त्रीले मोबाइल अफ गरिदियो । पत्रकारले फेरि सम्पर्क गर्ने आँट गरेन ।

ज्यामिति बुभ्रनेले भन्नसक्थ्यो, मन्त्रीको विगत र वर्तमानबीच एकसय असी डिग्रीकै अन्तर थियो । यस स्थितिमा त्यस्तो किताब निस्कनु विरोधाभाषपूर्ण त छँदै थियो, उत्तिकै खतरा

पनि थियो । मन्त्रीलाई थाहा थियो, उसको किताब र वर्तमान गतिविधिबारे अधिकांश पत्रकार र बौद्धिकहरू खिल्ली उडाइरहेका थिए । तर यो पत्रकार भने ठीक उल्टो तरिकाले ब्रिफिङ गरिरहेको थियो ।

मन्त्रीलाई एक्कासि उपाय सुझ्यो । बजारमा पुगेको किताब जफत गर्ने र सबै जलाइदिने । कसो सफाइ नपाइएला ! वाह क्या आइडिया ! विशिष्ट गुरुत्व सिद्धान्त पत्ता लगाउँदा आर्किमिडिजजस्तै 'युरेका युरेका' भन्दै ऊ नाच्नथाल्यो । त्यो खुशी तत्काल निजी सचिवलाई बाँड्न र संवाद सचिवलाई सूचना दिन तयार भयो ।

मोबाइलको घन्टी बज्यो । उही सचिव थियो ।

'हजूर, नगरकोटमा एउटा सिपाहीले उधुम गरेछ । भगवतीलाई बाह्रजना ब्रतालुको बलि दे'छ ।'

'अँ..................। '

'हजूर.... रोल्पामा हानेछन् । बाजुरा र गुल्मीमा पनि हानेछन् । '

'अँ................। '

'हजूर, रत्नपार्कको निषेधित क्षेत्र तोड्दै छन् रे ।'

'ठोक् दे भन्,' नयाँ ज्ञानको प्राप्तिपछि मन्त्रीको अहम् फेरि जाग्नथाल्यो ।

'हजूर... एउटा समस्या छ, जुलुसको अगाडि हजूरको भानिज होइसिन्छ ।'

'ठोक् दे भन् । राजनीतिमा कोही भानिज हुँदैन ।'

'हजूर, भानिजसँगै मञ्जुदिज्यू होइसिन्छ ।'

'ठोक्दे भन् । मञ्जुसञ्जुको छु मतलव !'

शब्द निस्किनेबित्तिकै मन्त्री झसंग भयो । यो मञ्जु उसैकी कान्छी छोरी थिई । धेरै अघिदेखि विद्रोह गरेर अलग बसिरहेकी । राम्ररी कुरा बुझ्न निजी सचिवलाई बोलायो । अब सचिव पनि विद्रोह गरिरहेको थियो । फोन काटिदियो । फेरि गऱ्यो । फेरि काटिदियो । त्यतिन्जेल मन्त्रीको पद खुस्किसकेको सूचना उसले पाइसकेको थियो । मन्त्री स्वयं भने आफ्नो ज्ञानको नयाँ आविष्कारबाट अझैसम्म गदगद थियो ।

ΔΔΔΔΔΔΔΔΔ

*जन्मः २०२८, भदौ २५, गुन्डू, भक्तपुर ।*

*सिर्जनाः कथा, कविता*

*कृतिः फूलबिनाका शाखा (गजलसंग्रह), कायाकल्प (कवितासंग्रह)*

*पुरस्कार, सम्मानः प्रज्ञा कथा पुरस्कार-२०६१, आमसञ्चामा साहित्यिक पत्रकारिता सम्मान-२०६०, राष्ट्रिय गजल पुरस्कार-२०५७*